# मानव अधिकार अवस्था

## नोभेम्बर - डिसेम्बर
## २०१०

## हिमराइट्स लाइफ लाइन एक चिनारी

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न लाइफलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो । लाइफलाइन मानव अधिकार उल्लंघन गर्ने प्रवृत्तिको विरुद्ध सम्बोधन गर्नका लागि एउटा अभियानको रुपमा संचालन भइरहेको छ । यसले विगतमा राज्य र माओवादी पक्ष बीचको भएको सशस्त्र द्वन्द्वको दौरानमा मानवीय मूल्यमा आएको गम्भीर ह्रासको अवस्थालाई सम्बोधन गरेको थियो । यसको साथै यसले द्वन्द्वको अवस्थामा मानव अधिकार रक्षकहरुबाट गरिनु पर्ने तत्काल सम्बोधन गर्ने कार्यको दायित्व निर्वाह गरेको थियो । यस्तो गम्भिर पृष्ठभूमिमा हिमराइट्सले पीडकविरुद्ध उजुरी गर्न सक्ने, पीडाहरु साटासाट गर्ने, बेपत्ता पारिएका परिवारजनहरु कहाँ छन् भनेर खोजी गर्नका लागि एउटा उपयुक्त मञ्चको आवश्यकता भएको कुरा महसुस गऱ्यो ।

यसरी हिमराइट्सले आन्तरिक द्वन्द्वका कारण भएको मानव अधिकार उल्लंघनका घटनाहरुलाई सम्बोधन गर्ने, अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने एउटा भरपर्दो सेवा प्रदान गरेको थियो । हिमराइट्स सशस्त्र द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लंघनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा वकालतका साथै पीडितहरुको उद्धार, रिहाइ गर्ने, सत्य तथ्य पत्ता लगाउने कार्यमा संलग्न रहेको थियो ।

हिमराइट्सले वर्तमान संक्रमणकालिन अवस्था समेतलाई मध्यनजर गर्दै आफ्ना क्रियाकलापहरुलाई निरन्तर दिदैं आएको छ । हिमराइट्सको क्षेत्रीय, जिल्ला कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट संकलित मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार विरुद्धमा भएका घटनाहरुको सत्यतथ्य सूचनाहरु संकलन गरी विद्यमान मानव अधिकारको अवस्थाको बारेमा सु-सूचित गर्ने काम गर्दै आउनुको साथै जघन्य प्रकृतिका मानव अधिकार उल्लघंनका घटनाहरुको सत्यतथ्य पत्ता लगाई पीडितको पक्षमा दबाबमूलक वकालतहरु समेत गर्दै आइरहेको छ ।

***नोभेम्बर र डिसेम्बर  महिनामा भएका प्रमुख घटनाक्रमहरु***

क) नोभेम्बर ७,२०१० मा शसस्त्र समुहको गोली प्रहार बाट रौतहट माधोपुर गाविसका पुर्व उपाध्यक्ष बुनी लाल यादवको हत्या

ख) नोभेम्बर ९,२०१० मा विराटनगरमा स्थानीय न्युरो अस्पताल परिसरमा रहेको शुभकामना औषधी पसलको सञ्चालक सुरेश मण्डलको माओवादीका पुर्व छापामार सागर नाम गरेका मदन मुर्म र प्रमोद कुमार मण्डल र प्रदिप पुरी द्वारा हत्या ।

ग) नोभेम्बर १५,२०१० मा बर्दिया सानोश्री निवासी तथा नेपाली कांग्रेस बर्दिया क्षेत्र नं २ का कोषाध्यक्ष रहेका दलबहादुर गुरुङ्को हत्या

घ) नोभेम्बर १९,२०१० मा धरान १६ घर भई स्थानीय सगरमाथा बोर्डिङ स्कुलमा अध्यनरत ९ बर्षिया बालक राज आर्चायको धरान ८ स्थित ल्यावरोटरी उच्च माविमा कक्षा १० मा अध्यनरत प्रतिकेश्वर झा द्वारा हत्या ।

ङ) नोभेम्बर १९ देखी १० दिन सम्म ए नेकपा माओबादीको विस्तारीत बैठक का कारण गोरखाको पालुङ्टार आसपासका भवानी उच्च मावि भृकुटी नि मावि लगायतका विद्यालय बन्द रहदा सो विद्यालयमा अध्यनरत करिव १ हजार ६ सय विद्यार्थी पठन पाठन बाट वञ्चित भए ।

च) डिसेम्बर ९, २०१० का दिन कञ्चनपुर स्थित नेपाली सेनाको चण्डीप्रसादगण अजुर्नी स्थित गुल्म बाट हात हतियार सहित फरार भएका सेनाको सिपाही पदमा कार्यरत दिपक शाहीले डडेलधुराको जोगबुढा गाविस ९ सुवाखान निवासी वीरबहादुर विष्टको हत्या ।

छ) डिसेम्बर ३, २०१० मा रौतहट ब्रह्मपुरी ९ निवासी ममता देवी दासको दाइजोमा साइकल नल्याएको भन्दै उनका श्रीमान लगायत परिवारका सदश्य मिलेर हत्या ।

ज) डिसेम्बर २८, २०१० मा सप्तरीको वोरीया ३ का अवकास प्राप्त इन्जिनियर ५५ बर्षिया हरी नारायण देवको अज्ञात समुहको गोली प्रहार बाट हत्या ।

## मानव अधिकार अवस्था

२०१० को नोभेम्बर र डिसेम्बर महिनामा पनि मानव अधिकार अवस्था विगत दुई महिनाको तुलनामा घटेको भएतापनि स्थिती सुधारान्मुख देखिएन् । नेपाल सरकार तथा राज्यका संयन्त्रहरु सर्वसाधारण जनताको सुरक्षा तथा शान्तिको वातावरण कायम गर्नुपर्ने जिम्मेवारीबाट अझै पनि चुकेको अवस्था रही नै रह्यो । दुई महिना का वीचमा करिव आधा दर्जन भन्दा बढी बालबालिकाहरु कोही त बलात्कारको शिकार कोही अकालमा ज्यान गुमाउन बाध्य भए । सुरक्षा संयन्त्र सन्तुष्ट रहेको नेपाल सरकारको दावीसगैं भईरहेको  हत्या र बालबालिका बलात्कार का घटनामाथि नियन्त्रण नहुनुले कही सरकारको  दावीमा मात्र सिमित रहेको छ ।  यस्ता जघन्य अपराधका घटनाहरुको उचित ढंगले सम्बोधन गर्न नसक्दा आमजनमानसमा भय र त्रासको वातावरण अझैपनि रहेको छ । यौनजन्य हिंसा, बलात्कार, हत्या जस्ता गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुमा संलग्न भएका पीडकहरुलाई नियन्त्रणमा ल्याई कानुनको दायराभित्र ल्याउन नसक्नुले राज्य संयन्त्रहरु निरीह रहेको बुझिन्छ । जसले दण्डहिनताको स्थितीलाई उजागर गरिरहेको छ । तराईका जिल्लाहरुमा भइरहेका हत्या, अपहरण तथा चन्दा आतंकले विगतको दुई महिना पनि आक्रान्त रह्यो । तराईका तथा पूर्वी जिल्लाहरुमा सरकारद्वारा विशेष सुरक्षा व्यवस्था प्रभावकारी ढंगबाट अवलम्बन गरेको दावी गर्दै आएको भएतापनि यथार्थमा स्थिति यस्तो छैन । तराईका अधिकांश जिल्लाहरुमा  भूमिगत समूहका कार्यकर्ताहरुले स्थानीय व्यापारी, शिक्षक तथा सर्वसाधारणहरुसँग चन्दा माग्ने र नदिएमा अपहरण गर्ने, धम्की दिने कार्यलाई निरन्तरता दिई नै रहेका छन् ।  त्यस्तै शिक्षण सस्था माथि शिक्षक नियुक्ति को विवाद व्यवस्थापन समितिको विवाद जस्ता विभिन्न नाममा  विवादका कारण बन्द गराउने कार्यहरु बाट पनि यो दुई महिना अछुतो रहन सकेन । यसैगरी विगतको सरकारले दिएको राजिनामा स्वीकृत भइसकेपछि सरकार गठन तथा संविधान निर्माणको सर्न्दभमा दलहरु बीच सहमति हुन नसकेको कारणबाट लामो समयदेखि मुलुक अनिर्णयको बन्दी हुन पुगेको छ ।

## हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्सले जिल्लास्थित आफ्ना कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, महिला अधिकार तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ भने सशस्त्र द्वन्द्मा परेका बालबालिकाको संरक्षणका लागि साझेदारीबाट संकलित सूचनाहरुलाई समेत यस बुलेटिनको आधार मानिदैं आएको छ । यसका लागि जिल्लास्थित हिमराइट्सका अनुगमनकर्ताहरुले उनीहरु कार्यरत जिल्लामा भएका तथ्यपरक सूचनाहरु संकलन गरी विश्लेष्णात्मक मानव अधिकार अवस्था जारी गर्दै आएको छ । त्यसै गरी विभिन्न संचारमाध्यमहरुमा प्रकाशित सूचनाहरुलाई समेत यो मानव अधिकार अवस्था सार्वजनिक गर्दै आएको छ ।

**अनुगमनबाट नोभेम्बर र डिसेम्बर दुई महिनाको बीचमा करिब १६४ वटा मानव अधिकार उल्लंघनका घटनाहरु भएका छन् । जसमा नोभेम्बरमा १०० र डिसेम्बरमा ६४ वटा मानव अधिकारका घटनाहरु तथा नोभेम्बरमा ३४ र डिसेम्बरमा १४ वटा बालअधिकार उल्लघंनका घटनाहरु सूचिकृत गरिएको छ । मूलूकभरीका ५० वटा जिल्लाहरुमा भएका घटनाहरुको आधारमा यो सूचाङ्क तयार पारिएको छ । विगत दुई महिनामा अभिलेखित १६४ घटनाहरु मध्ये पूर्वी,मध्य र पश्चिम तराईका जिल्लाहरुमा मात्रै ६८ वटा मानव अधिकार तथा बाल अधिकार उल्लंघनका घटनाहरु घटेका छन् । हत्या, हिंसा, अपहरण, लुटपाट, जिल्ला तथा क्षेत्र बन्दका साथै यौनजन्य हिंसाहरुबाट केही  तराई अशान्त नै रह्यो ।**

विगत दुई महिनामा भएका घटनाहरुको समीक्षा गर्दा एनेकपा माओवादी तथा वाइसिएलका कार्यकर्ता तथा तिनका भातृ संस्थाहरुले पार्टीले आफ्ना क्रियाकलापहरु बालबालिका र शिक्षाक्षेत्रमाथि गरिने हस्तक्षेप र विद्यालयको प्रयोग जारी नै राखे ।  त्यसै गरी अखिल तराई मुक्ति मोर्चा, अखिल क्रान्तिकारी, तराई जनतान्त्रिक पार्टी, संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा, जनतान्त्रिक तराई मुक्ति मोचा तथा अपराधिक समूहहरुले हत्या, अपहरण तथा धम्कीलगाएतका घटनाहरु संलग्न रहेको पाइएको छ । त्यस्तै महिलामाथि हुने घरेलु हिंसा, बलात्कार, यातना जस्ता अमानवीय क्रियाकलापहरुले समेत प्रश्रय पाइरह्यो ।

त्यस्तै, बेवारिसे अवस्थामा छोडिएका विष्फोटक पदार्थ विष्फोटन हुने र मानिस घाइते हुने क्रम भने खासै रोकिएन । वेवारिसे अवस्थामा छाडीएका वा अज्ञात समुद्धारा चन्दाको नाममा राखिएका बम विष्फोटनबाट मानिसले ज्यानै नगुमाए पनि करिव आधा दर्जन मानिस घाइते हुन पुगे । यसरी सरकारले बारुदे सुरुङ्ग र विस्फोटक पदार्थ हटाउने कार्य जारी रहेको भएतापनि यस्ता विस्फोटनका घटनाहरुले अझैपनि प्रभावकारी रुपले लानुपर्ने देखिन्छ ।

**तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु**

| मानव अधिकार उल्लंघन | नोभेम्बर | डिसेम्बर |
|---|---|---|
| हत्या | १७ | ११ |
| गोली लागि घाइते - विभिन्न समूहबाट | ३ | ० |
| अपहरण | २ | २ |
| हातहतियार सहित पक्राउ | ३ | ८ |
| ज्यान मार्ने धम्की | १ | १ |
| कुटपिट /दुर्व्यवहार | १५ | ५ |
| महिला हिंसा- हत्या | ३ | ३ |
| महिला हिंसा - कुटपिट /यातना | ६ | ५ |
| यौन दुर्व्यवहार (महिला) | २ | ४ |
| विष्फोटन | ६ | ४ |
| विष्फोटन बाट घाइते | ४ | ५ |
| बन्द -नेपाल, क्षेत्र, जिल्ला) | २ | १ |
| **चन्दा** | २ | १ |
| **जम्मा** | ६६ | ५० |

**तालिका २ : बाल अधिकार उल्लंघनका घटनाहरु**

| बाल अधिकार उल्लंघन | नोभेम्बर | डिसेम्बर |
|---|---|---|
| हत्या | २ | २ |
| अपहरण / बेपत्ता | २ | ३ |
| यातना/घाइते/कुटपिट | १ | २ |
| यौन दुर्व्यवहार | १० | ५ |
| विद्यालय बन्द | १८ | १ |
| बम विष्फोटनबाट बालबालिका घाइते | १ | १ |
| **जम्मा** | ३४ | १४ |

HumRights

## तालिका : ३ मानव अधिकार अवस्था - नोभेम्बर

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारणद्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ११ | १ | ५ | १७ |
| २. | गोली लागी घाइते | | | | ३ | | | ३ |
| ३. | कब्जा/अपहरण | | | | २ | | | २ |
| ४. | हातहतियार सहित पक्राउ | | | | | ३ | | ३ |
| ६. | कुटपिट | ५ | ३ | | ३ | | ४ | १५ |
| ८. | महिला हिंसा -हत्या | | | | | | ३ | ३ |
| ९. | यातना/घाइते/ कुटपिट | | | | | | ६ | ६ |
| १०. | यौन दुर्व्यवहार (महिला) | | | | | | २ | २ |
| ११. | बम विष्फोटन | | | | ३ | | ३ | ६ |
| १२. | विष्फोटन बाट घाइते | | | | | | ४ | ४ |
| १३. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | २ | | | | | २ |
| १४. | चन्दा | १ | | १ | | | | २ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | हत्या | | | | | | | २ |
| २. | बम विष्फोटन बाट घाइते | | | | १ | | | १ |
| ३. | अपहरण/बेपत्ता | | | | २ | | | २ |
| ४. | पक्राउ /थुना | | | | | | १ | १ |
| ५. | यातना/घाइते/कुटपिट | | | | | | १ | १ |
| ६. | यौन दुर्व्यवहार | | | | | | १० | १० |
| ७. | विद्यालय बन्द | १० | २ | | | | ६ | १८ |
| | | | | | | | | १०० |

*तालिका : ४ मानव अधिकार अवस्था - डिसेम्बर*

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | अज्ञात समूह/सशस्त्र समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य / सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | ३ | ५ | ११ |
| २ | कब्जा/अपहरण | | | | २ | | | २ |
| ३ | हातहतियार सहित पक्राउ | | | | | | ८ | ८ |
| ४. | ज्यान मार्ने धम्की | १ | | | | | | १ |
| ५. | कुटपिट | | | | | | ३ | ३ |
| ६. | महिला हिंसा -हत्या | | | | | | ५ | ५ |
| ७. | यातना/घाइते/ कुटपिट | | | | | | ५ | ५ |
| ८. | यौन दुर्व्यवहार (महिला) | | | | | | ४ | ४ |
| १०. | विष्फोटन | | | | ४ | | | ४ |
| ११. | विष्फोटनबाट घाइते | | | | ५ | | | ५ |
| १२. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | १ | | | | | १ |
| १३. | चन्दा | | | | १ | | | १ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | हत्या | | | | | | २ | २ |
| २. | बम विष्फोटन बाट घाइते | | | | १ | | | १ |
| ३. | कब्जा/अपहरण/बेपत्ता/पक्राउ | | | | ३ | | | ३ |
| ४. | यातना/घाइते/कुटपिट | | | | | | २ | २ |
| ५. | यौन दुर्व्यवहार | | | | | | ५ | ५ |
| ६. | विद्यालय बन्द/आक्रमण | | १ | | | | | १ |
| | | | | | | | | ६४ |

## निष्कर्ष

माथि उल्लेखित तथ्यांकहरुको आधारमा मुलुकले सामना गरिरहेको मानव हत्या, अपहरण, बम बिस्फोट र साना हतियारको प्रयोगले नागरिकको निर्वाध रूपमा बाँच्न पाउने अहरणीय अधिकारको उल्लंघन भइरहेको छ र त्यस प्रकारका घटनामा संलग्नहरूलाई कारबाही गर्न नसक्दा दण्डहिनताले प्रश्रय पाइरहेको छ । शान्ति प्रक्रियाको मेरूदण्डको रूपमा रहेको विस्तृत शान्ति सम्झौताको दृढतापूर्वक कार्यान्वयनमा भएको कठिनाई र उल्लंघनकर्तालाई कानूनी जवाफदेही बनाउन नसक्दा निर्धारित समयमै नयाँ संविधान निर्माण, बेपत्ता छानबिन, सत्य तथा मेलमिलाप आयोग गठन, माओवादी लडाकुको समायोजन र राज्यको पुनर्संरचनाजस्ता ठूला चुनौतीहरूलाई सम्बोधन गर्न सरकार र राजनैतिक दलहरू असफल देखिएका छन् । शान्ति प्रक्रियालाई सघाउँदै आएको राष्ट्रसंघीय मिसन अन्मिनको बर्हिगमनले मुलुकमा जारी शान्ति प्रक्रियालाई सबै दल र सरकारको चुनौतीपूर्ण जिम्मेवार थपिएको छ ।

विद्यालयमा कुनै पनि राजनैतिक गतिविधी नगर्ने दलरूको प्रतिवद्धता बिपरित बालबालिका र विद्यालय प्रयोग निरन्तर गरिँदै आएको छ । शान्ति प्रक्रिया, लडाकुको शिविर तथा उनीहरुको गतिविधी निरन्तर अनुगमन गर्नुपर्ने अवस्थामा अन्मिनको बर्हिगमन, राष्ट्रिय मानवअधिकार आयोगले कारबाही र परिपूरणका लागि गरेका सिफारिसहरू राज्यका तर्फबाट कार्यान्वयन नगरिनुले मानवअधिकार उल्लंघनकर्ताहरूको मनोबल बढ्न थालेको छ । यसैगरी राष्ट्रिय मानव अधिकार आयोगभित्र हाल देखापरेको विवादले मानव अधिकार उल्लंघनको प्रभावकारी अनुगमनमा समेत नकारात्मक असर पार्ने हुँदा यथाशिघ्र उक्त विवादहरुलाई समाधान गर्नु उपयुक्त देखिन्छ । यसका साथै शान्ति प्रक्रियाको टुङ्गो नलागेसम्म यसको अनुगमनका लागि भरपर्दो र विश्वासिलो संयन्त्र निर्माण गरिनु आवश्यक देखिन्छ । यसका लागि नागरिक समाजको तर्फबाट दबाबमूलक कार्यक्रमहरु संचालन गरिनु पर्दछ । यदि यसो नगर्ने हो भने संक्रमणकालिन अवधि लम्बिदै जाने, मानवअधिकार उल्लंघनका घटनाहरुले निरन्तरता पाउदै जाने र जसको परिणामस्वरुप मुलुक प्रतिहिंसाको दुश्चक्रबाट अगाडि बढ्ने अवस्था सिर्जना हुनसक्छ । यस तर्फ सम्बन्धित सरोकारवाला जिम्मेवार बन्नैपर्छ ।

**प्रत्येक दुई दुई महिनामा सार्वजनिक गरिदैं आएको "हिमराइट्स मानव अधिकार " अवस्था जनवरी २०११ देखि प्रत्येक तिन-तिन महिनामा सार्वजनिक गरिने समेत जानकारी गरिन्छ साथै इ–बुलेटिनको सन्दर्भमा हिमराइट्स यहाँहरुको अमूल्य सुझाव तथा सल्लाहको लागि अपेक्षा गर्दछ ।**

**मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि प्रतिबद्ध ! ! ! !**

हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
पुल्चोक, ललितपुर
फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०
इमेल : himrights@wlink.com.np
वेवसाइट : www.himrights.org